**बैठक संख्या: ५**

आज मिति २०८०।०८।२७ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

CamScanner

बैठक मिति :२०८०।०८।२७

<u>निर्णयहरु</u> :

**१. आधारभूत स्वास्थ्य सेवा अस्पताल फार्मेसी संचालन अनुदान सम्वन्धमा।**

शिवराज नगरपालिकाको नगरसभाबाट चालु आ.व.२०८०/०८१ को वहुवर्षिय योजना अन्तर्गत आधारभूत अस्पताल चन्द्रौटामा फार्मेसी सेवा संचालन शिर्षकमा ५ लाख बजेट विनियोजन भएको र आधारभूत अस्पताल चन्द्रौटामा फार्मेसी सेवा संचालन भई सकेको हुँदा लेखापरिक्षणको दायित्व समेत अस्पतालकै हुने गरी फार्मेसीमा आवश्यक औषधि खरिद गर्ने प्रयोजनार्थ बिउपूँजीको रुपमा विनियोजित बजेट अस्पतालको खातामा भुक्तानी दिने निर्णय गरियो।

**२. विभिन्न अनुदान सम्वन्धमा।**

क. चालु आ.व.२०८०/०८१ को पशु सेवा तर्फ पशु आहार कार्यक्रम (घाँस उत्पादनमा अनुदान) शिर्षकमा बिनियोजित रकम ९ (नौ) लाखबाट न्युनतम १ कठ्ठा देखि अधिकतम ७ कठ्ठा सम्म हिंउदे घाँस लगाउने किसानहरुलाई बिउ,मल,जोताई र सिँचाई वापत प्रति कठ्ठा एक हजार पाँच सय रुपैंयाका दरले उत्पादनमा आधारित अनुदान दिने निर्णय गरियो।

ख. चालु आ.व.२०८०/०८१ को पशु सेवा तर्फ पशु सुत्केरी खर्च शिर्षकमा बिनियोजित रकम ३ (तिन) लाखबाट यस नगरपालिका क्षेत्रभित्रका किसानहरुले पालन गरेका गाई र भैसी सुत्केरी भएको अवस्थामा सुत्केरी स्याहार खर्च वापत प्रति पशु एक हजार रुपैंयाका दरले अनुदान दिने निर्णय गरियो।

ग. चालु आ.व.२०८०/०८१ को कृषि विकास तर्फ साना सिंचाई स्यालो ट्युवेल जडान सामाग्री वितरणमा अनुदान शिर्षकमा बिनियोजित रकम ३०(तिस) लाखबाट सिंचाईको लागि स्यालो ट्युवेल जडान गर्न ईच्छुक कृषकहरुलाई बोरिङ्ग जडानको ज्याला बाहेक आवश्यक पर्ने सिंचाई मोटर सहित्का स्यालो ट्युवेल सम्वन्धि आवश्यक सामाग्रीहरु खरिद गरी शत प्रतिशत अनुदानमा वितरण गर्ने निर्णय गरियो।

घ. चालु आ.व.२०८०/०८१ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस/विध्युतिय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) शिर्षकमा बिनियोजित रकम ८(आठ) लाखबाट वायोग्याँस प्लान्ट जडान गर्न ईच्छुक व्यक्तिहरुलाई वायोग्याँस प्लान्ट जडान कार्य सम्पन्न गरी सकेपश्चात प्रति वायोग्याँस प्लान्ट पच्चिस हजार रुपैंयाका दरले अनुदान दिने निर्णय गरियो।

**३. शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलव भत्ता निर्धारण सम्बन्धमा।**

नगर शिक्षा समितिको मिति २०८०।०८।२४ को बैठकबाट सिफारिस भए बमोजिम यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक तथा धार्मिक विद्यालयहरुमा कार्यरत स्वयमसेवक शिक्षक, बालविकास सहजकर्ता र विद्यालय सहयोगिको तलव भत्ता विगतका नगरसभाबाट निर्णय भए बमोजिम नै हुने तथा पूर्व प्राथमिक स्वयमसेवक शिक्षक र विद्यालय सहायक (लेखापाल) को तलब भत्ता देहायबमोजिम निर्धारण गर्ने निर्णय गरियो।

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा, कपिलवस्तु लुम्बिनी प्रदेश

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

CamScanner

बैठक मिति :२०८०।०८।२७

<u>तपसिल</u> :-

क. पूर्व प्राथमिक स्वयमसेवक शिक्षकको तलव भत्ता :- प्रति महिना रु.१७,०००/- का दरले (१३ महिनाको)

ख. विध्यालय सहायक(लेखापाल) को तलव भत्ता :- संघीय अनुदानमा रु.११,५००/- का दरले थप गरी (१३ महिनाको)

४. सडकबोर्ड नेपाल अन्तर्गतका योजना/कार्यक्रम छनौट सम्वन्धमा।

चालु आ.व.२०८०/०८१ को समपूरक अनुदान सडकबोर्ड नेपाल अन्तर्गत दुर्गा मन्दिरदेखि नगरपालिका कार्यालय जोड्ने बाटो मर्मतको योजना र अन्य योजनाको सन्दर्भमा पूर्वाधार शाखाबाट अनुगमन गरी जिर्ण कालोपत्रे सडकहरु मध्येबाट उपर्युक्त योजना छनौट गरी पठाउने निर्णय गरियो।

५. ७ नं. वडा कार्यालयको जग्गा प्राप्ती सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयको जग्गा प्राप्तीको प्रकृया तत्काल अगाडी बढाउने निर्णय गरियो।

६. ११ नं. वडा कार्यालय भवन निर्माण सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत ११ नं. वडा कार्यालय भवन निर्माणको लागि गत नगरसभाबाट बजेट विनियोजन भएको र सो भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) समेत तयार भई सकेकोले DPR अनुसार नै तत्काल १ तला निर्माण गर्न चालु आ.व.मा विनियोजित रकमका अतिरिक्त नपुग हुने रकम आगामी नगरसभाबाट सुनिस्चित गर्ने गरी बहुवर्षिय ठेक्का आह्वान गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

CamScanner